# एकीकृत निर्देशन, २०७६ जारी गर्ने क्रममा विद्यमान एकीकृत निर्देशन २०७५ तथा तत्पश्चात् जारी गरिएका परिपत्रमा गरिएका संशोधन/परिमार्जन/थप व्यवस्था सम्बन्धी तालिका

<table>
<tr><th>क्र.सं</th><th>निर्देशन नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td>१.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2007 र 2015 को बुँदा नं. ३.३ को खण्ड (C) को उपखण्ड (२) को प्रबिन्धात्मक वाक्यांश मा संशोधन</td><td>However, the claims on foreign banks incorporated in the SAARC region and which operate with a buffer of 1% above their respective regulatory minimum capital requirements may be risk weighed at 20%.</td><td>However, the claims on foreign banks incorporated in the SAARC region and China and which operate with a buffer of 1% above their respective regulatory minimum capital requirements may be risk weighed at 20%.</td></tr>
<tr><td>२.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2007 र 2015 को बुँदा नं. ३.३ को खण्ड (J)(1) को दोस्रो बुलेट मा संशोधन</td><td>Staff loan given as per Employee By-laws and secured by residential property, that is or will be occupied by the staff or that is rented, will be risk-weighed at 60%. However, banks should ensure the existence of adequate margin of security over the amount of loan based on strict valuation rules.</td><td>Staff loan given as per Employee By-laws and secured by residential property, that is or will be occupied by the staff or that is rented, will be risk-weighed at 50%. However, banks should ensure the existence of adequate margin of security over the amount of loan based on strict valuation rules.</td></tr>
<tr><td>३.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2007 र 2015 को Form No 2 RISK WEIGHTED EXPOSURE FOR CREDIT RISK को ४१औ Row मा संशाधेन</td><td>
<table>
<tr><th>A. Balance Sheet Exposures</th><th>Book Value</th><th>Specific Provision</th><th>Eligible CRM</th><th>Net Value</th><th>Risk Weight</th><th>Risk Weighted Exposures</th></tr>
<tr><td>Staff loan secured by residential property</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>60%</td><td>0</td></tr>
</table>
</td><td>
<table>
<tr><th>A. Balance Sheet Exposures</th><th>Book Value</th><th>Specific Provision</th><th>Eligible CRM</th><th>Net Value</th><th>Risk Weight</th><th>Risk Weighted Exposures</th></tr>
<tr><td>Staff loan secured by residential property</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>50%</td><td>0</td></tr>
</table>
</td></tr>
<tr><td>४.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2015 र Capital Adequacy Framework, 2007 को Form No 2 RISK WEIGHTED EXPOSURE FOR</td><td>
<table>
<tr><th>A. Balance Sheet Exposures</th><th>Book Value</th><th>Specific Provision</th><th>Eligible CRM</th><th>Net Value</th><th>Risk Weight</th><th>Risk Weighted Exposures</th></tr>
<tr><td>Claims on Other Multilateral Development Banks</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>100%</td><td>0</td></tr>
<tr><td>Claims on Public</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>20%</td><td>0</td></tr>
</table>
</td><td>
<table>
<tr><th>A. Balance Sheet Exposures</th><th>Book Value</th><th>Specific Provision</th><th>Eligible CRM</th><th>Net Value</th><th>Risk Weight</th><th>Risk Weighted Exposures</th></tr>
<tr><td>Claims on Other Multilateral Development Banks</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>100%</td><td>0</td></tr>
<tr><td>Claims on</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>100%</td><td>0</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><th>क्र.सं</th><th>निर्देशन नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td></td><td>CREDIT RISK को १४औ र १५औ को बीचमा नयाँ Row थप</td><td><table><tr><td>Sector Entity (ECA 0-1)</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr></table></td><td><table><tr><td>Domestic Public Sector Entities</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr><tr><td>Claims on Public Sector Entity (ECA 0-1)</td><td>0</td><td>0</td><td>0</td><td>0</td><td>20%</td><td>0</td></tr></table></td></tr>
<tr><td>५.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2015 तथा Capital Adequacy Framework, 2007 को Form No. 5 Other Assets को क्रम संख्या १ र २ खारेज</td><td>FORM NO.5 OTHER ASSETS<table><tr><td>S.No.</td><td>Assets</td><td>Gross Amount</td><td>Specific Provision & Valuation Adjustment</td><td>Net Balance</td></tr><tr><td>1</td><td>Cash and Cash Items in Transit</td><td></td><td></td><td>0</td></tr><tr><td>2</td><td>Miscellaneous Expenditure not written off</td><td></td><td></td><td>0</td></tr></table></td><td>क्रम संख्या १ र २ खारेज गरी फारामको क्रम संख्या मिलान गरिएको ।</td></tr>
<tr><td>६.</td><td>इ.प्रा.निर्देशन नं. १/०७५ को Capital Adequacy Framework, 2015 को Form No. 6 र Form No. 7 मा संशोधन</td><td>Form No. 6 र Form No. 7 मा रहेको देहायबमोजिमको व्यवस्था<table><tr><td>Risk Weight (reciprocal of capital requirement of 10%) in times</td><td>10</td></tr></table></td><td>Form No. 6 र Form No. 7 मा रहेको देहायबमोजिमको व्यवस्था<table><tr><td>Risk Weight (reciprocal of capital requirement of 11%) in times</td><td>9.09</td></tr></table></td></tr>
<tr><td>७.</td><td>इ.प्रा.निर्देशन नं. २/०७५<br>को बुँदा नं. १ को उपबुँदा (क) को खण्ड (२) को उपखण्ड (ई) मा संशोधन</td><td>१. कर्जा सापटको वर्गीकरण<br>साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि लगातार दुई वर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक रहेको फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएको कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरेपछि मात्र यो व्यवस्था लागू हुनेछ ।</td><td>१. कर्जा सापटको वर्गीकरण<br>साँवा र व्याज नियमित रुपमा भुक्तानी भएतापनि लगातार दुई वर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक रहेको फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएको कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरु गरे पश्चात २ आर्थिक वर्षको वित्तीय विवरणको आधारमा मात्र यो व्यवस्था लागू हुनेछ ।</td></tr>
<tr><td>८.</td><td>इ.प्रा.निर्देशन नं.</td><td>१. कर्जा सापटको वर्गीकरण</td><td>१. कर्जा सापटको वर्गीकरण</td></tr>
</table>

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | २/०७५ को बुँदा नं. १ को उपबुँदा (क) को खण्ड (२) को नयाँ खण्ड (ऋ) थप | हाल नभएको | (ऋ) कर्जा स्वपुँजी अनुपात (Debt to Equity Ratio) ८०:२० भन्दा बढी हुने गरी प्रवाह भएका कर्जाहरु । तर, हाल यस्तो अनुपात पालना नभएका कर्जाहरुको हकमा २०७७ असारमसान्तसम्म यस व्यवस्था बमोजिम सूक्ष्म निगरानी कर्जामा वर्गीकरण गर्न अनिवार्य हुने छैन । |
| ९. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. ३ मा को खण्ड (छ) मा संशोधन | **३. खराब कर्जा सम्बन्धी थप व्यवस्था**<br>(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई कर्जा प्रदान गरेको अवस्थामा | **३. खराब कर्जा सम्बन्धी थप व्यवस्था**<br>(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई नयाँ वा थप कर्जा प्रदान गरेको अवस्थामा । |
| १०. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. ३ मा नयाँ खण्ड (ढ) थप | **३. खराब कर्जा सम्बन्धी थप व्यवस्था**<br>हाल नभएको | **३. खराब कर्जा सम्बन्धी थप व्यवस्था**<br>(ढ) बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिई सम्बद्ध व्यक्ति वा संस्थालाई कर्जा/सापट प्रदान गरेमा । |
| ११. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. ४ को उपबुँदा नं. (२) मा संशोधन | **४. आवधिक कर्जा सम्बन्धी थप व्यवस्था**<br>जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन-Transmission Line र केवलकार निर्माण परियोजना कर्जाको हकमाकुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता रकमलाई खराव वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | **४. आवधिक कर्जा सम्बन्धी थप व्यवस्था**<br>जलविद्युत परियोजना, विद्युत प्रसारण लाइन-Transmission Line, केवलकार निर्माण परियोजना **र नवीकरणीय उर्जा परियोजनाको** हकमा कुनै किस्ताले ९० दिनभन्दा बढीले भाखा नाघेमा त्यस्तो किस्ता रकमलाई खराव वर्गमा वर्गीकरण गरी किस्ताको शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । |
| १२. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं.९ को उपबुँदा नं. (४) मा संशोधन | **९. कर्जा नोक्सानी वापत कायम गर्नु पर्ने व्यवस्था**<br>(४) बैंक तथा वित्तीय संस्थाहरुले शुरु सेयर निष्काशन ( Initial Public Offering - IPO) हुँदाको अवस्थामा सेयर खरिदका लागि बुझाइने आवेदनको अर्धकट्टीको सुरक्षणमा यस निर्देशनको बुँदा नं. १५ मा भएको व्यवस्था विपरीत कुनै किसिमको कर्जा प्रवाह गर्न पाइने छैन । त्यस्तो कर्जा प्रवाह गरेको हकमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | **९. कर्जा नोक्सानी वापत कायम गर्नु पर्ने व्यवस्था**<br>(४) बैंक तथा वित्तीय संस्थाहरुले शुरु सेयर निष्काशन ( Initial Public Offering - IPO) हुँदाको अवस्थामा सेयर खरिदका लागि बुझाइने विवरण/आवेदनको अर्धकट्टीको सुरक्षणमा यस निर्देशनको बुँदा नं. १५ मा भएको व्यवस्था विपरीत प्रवाह गरेको कर्जामा शत प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १३. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. १३ मा संशोधन | **१३.वित्तीय जमानतको आधारमा कर्जा दिन तथा निक्षेप स्वीकार गर्न नपाउने सम्बन्धी व्यवस्था**<br>स्वदेशमा स्थापना भई सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको वित्तीय जमानत (Financial Guarantee) का आधारमा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुले कर्जा र सुविधा दिन तथा निक्षेप स्वीकार गर्न पाउने छैन । | **१३.वित्तीय जमानतको आधारमा कर्जा दिन तथा निक्षेप स्वीकार गर्न नपाउने सम्बन्धी व्यवस्था**<br>स्वदेशमा स्थापना भई सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाहरुले जारी गरेको वित्तीय जमानत (Financial Guarantee) का आधारमा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरुले कर्जा र सुविधा दिन तथा निक्षेप स्वीकार गर्न पाउने छैन । **तर, “ख” तथा “ग” वर्गका वित्तीय संस्थाको जमानतमा वाणिज्य बैंकले जमानत तथा प्रतित पत्र जारी गर्न बाधा पर्ने छैन ।** |
| १४. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. १४ को उपबुँदा नं. ४ लाई खारेज गरी सोही व्यवस्था इ.प्रा. निर्देशन नं. १६/०७५ को बुँदा नं. ३ मा नयाँ उपबुँदा नं. (७) मा संशोधन | **३. निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने**<br>४. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघ संस्थाहरुबाट कुनै पनि प्रकारको निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित ब्याजदर (Coupon Rate) बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट बैंक तथा वित्तीय संस्थालाई व्ययभार पर्ने कुनै प्रकारको आर्थिक सुविधा दिन पाइने छैन । | **३. निक्षेप संकलन तथा भुक्तानी सम्बन्धी नियम तथा प्रक्रिया बनाई लागू गर्नु पर्ने**<br>७. इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले कुनै पनि व्यक्ति, फर्म, कम्पनी र अन्य संगठित संघ संस्थाहरुबाट कुनै पनि प्रकारको निक्षेप स्वीकार गर्दा त्यस्तो निक्षेपमा दिइने अंकित ब्याजदर (Coupon Rate) बाहेक अन्य कुनै पनि प्रकारको शुल्क/कमिसन वा यस्तै अन्य शीर्षकबाट बैंक तथा वित्तीय संस्थालाई व्ययभार पर्ने कुनै प्रकारको आर्थिक सुविधा दिन पाइने छैन । |
| १५. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. १७ को मूल शिर्षकमा संशोधन | १७. संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्ने सम्बन्धमा | १७. **बैंक तथा वित्तीय संस्थाको** संस्थापक सेयर धितोबन्धक राखी कर्जा प्रवाह गर्ने सम्बन्धमा |
| १६. | इ.प्रा.निर्देशन.नं. २/०७५ को बुँदा नं. ३० मा संशोधन | **३०. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था**<br>**“व्यवसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३”** (कार्यविधि २.२ मा संलग्न) बमोजिम प्रवाहित कर्जामा नेपाल सरकारबाट प्रदान गरिएको अनुदान रकम यस बैंकले उपलव्ध गराउने छ । उक्त कार्यविधि बमोजिम कर्जा प्रवाह गरी नेपाल | **३०. सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था**<br>“**सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०७५**” (कार्यविधि २.२ मा संलग्न) बमोजिम प्रवाहित कर्जामा नेपाल सरकारबाट प्रदान गरिएको अनुदान रकम यस बैंकले उपलव्ध गराउने छ । उक्त कार्यविधि बमोजिम कर्जा प्रवाह गरी नेपाल सरकारबाट पाउनु पर्ने ब्याज अनुदान वापतको रकमलाई |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | सरकारबाट पाउनु पर्ने व्याज अनुदान वापतको रकमलाई पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिनेछ । | पुँजीकोष अनुपात गणना प्रयोजनका लागि सरकार माथिको दावी सरह शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिनेछ । |
| १७. | इ.प्रा.निर्देशन.नं. २/०७५ को बुँदा नं. ३१ खारेज | **३१. "भूकम्प पीडितहरुको घर निर्माणका लागि सामूहिक लगानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४"** (कार्यविधि २.३ मा संलग्न) बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जाको ब्याज, बीमा एवम् सुरक्षण शुल्क बैंक वा वित्तीय संस्थावाट माग भई आएमा नेपाल सरकारले खडा गरेको कोष खर्च गरी यस बैंकको बैंकिङ कार्यालयले उपलव्ध गराउने छ । | खारेज गरी क्रमसंख्या मिलान गर्ने । |
| १८. | इ.प्रा.निर्देशन.नं. २/०७५ को बुँदा नं. ३४ मा संशोधन | **३४.धितो फुकुवा सम्बन्धमा**<br>बैंक तथा वित्तीय संस्थाले आफूले गरेको कर्जा लगानी बमोजिम असुल उपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भई सकेपछि सुरक्षण वापत राखिएको धितो **तत्काल** फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ । | **३४.धितो फुकुवा सम्बन्धमा**<br>बैंक तथा वित्तीय संस्थाले आफूले गरेको कर्जा लगानी बमोजिम असुल उपर गर्नु पर्ने सम्पूर्ण रकम असुल भई सकेपछि सुरक्षण वापत राखिएको धितो **५ कार्यदिनभित्र** फुकुवाको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ । |
| १९. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. ३५ को उपबुँदा नं. १ को खण्ड (ग) मा संशोधन | **३५.चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था**<br>(ग) रु.१ करोड भन्दा कम रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह/नवीकरण गर्नु अघि समेत अन्य इजाजतपत्रप्राप्त संस्थाबाट त्यस्तो कर्जा लिए नलिएको यकिन **गरी त्यस्तो कर्जा लिएको अवस्थामा कर्जा दिने अन्य इजाजतपत्रप्राप्त संस्थाबाट अनिवार्य रुपले** No Objection Letter लिएर मात्र कर्जा प्रवाह/नवीकरण गर्नुपर्नेछ । | **३५.चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्था**<br>(ग) रु.१ करोडभन्दा कम रकमको चालु पुँजी प्रकृतिका कर्जा प्रवाह/नवीकरण गर्नु अघि समेत अन्य इजाजतपत्रप्राप्त संस्थाबाट त्यस्तो कर्जा लिए नलिएको यकिन **गरी लिएको भएमा कर्जा दिने संस्थाबाट अनिवार्य रुपले** No Objection Letter लिएर मात्र कर्जा प्रवाह/नवीकरण गर्नुपर्नेछ । **साथै, No Objection Letter माग गरिएको संस्थाले सोसंग सम्बन्धित पत्र प्राप्त गरेको ५ कार्यदिनभित्र उपलब्ध गराउनु पर्नेछ । No Objection Letter उपलब्ध नगराउने भएमा सो सम्बन्धी जानकारी पत्र माग गर्ने संस्थालाई उपरोक्त समयावधिभित्र नै उपलब्ध गराउनु पर्ने छ ।** |
| २०. | इ.प्रा.निर्देशन नं.२/०७५ को बुँदा नं. ३५ को | **३५. चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्थाः**<br>साथै, Stock को धितोमा कर्जा प्रवाह गर्ने भएमा ऋण | **३५. चालुपुँजी प्रकृतिका कर्जा सम्बन्धी व्यवस्थाः**<br>साथै, Stock को धितोमा कर्जा प्रवाह गर्ने भएमा ऋण पूर्ण |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | उपबुँदा नं. (२) को तेस्रो अनुच्छेदमा संशाधन | पूर्ण रुपमा सुरक्षित हुने गरी धितोमा रहेको सम्पत्तिको बीमा अनिवार्य रुपले गराउनु पर्नेछ। | रुपमा सुरक्षित हुने गरी धितोमा रहेको सम्पत्तिको बीमा अनिवार्य रुपले गराउनु पर्नेछ । तर, बीमा आवश्यक नभएका Stock हरु जस्तै Iron Rod, Steel Billets, Bricks, Clinker आदिहरुमा आगलागी, हुलदंगा, भूकम्प जस्ता जोखिमका लागि बीमा गर्न अनिवार्य हुने छैन। |
| २१. | इ.प्रा.निर्देशन नं. २/०७५ को बुँदा नं. ३९ को प्रतिवब्धात्मक वाक्यांशमा संशोधन | **३९. कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था**<br><br>तर, पुनरसंरचना र पुनरतालिकीकरण गरिएका खराब कर्जाहरुको सन्दर्भमा उपर्युक्त व्यवस्था लागु गर्न अनिवार्य हुने छैन। | ३८. **कर्जाको साँवा तथा ब्याज असुल गर्ने व्यवस्था**<br><br>तर, पुनरसंरचना र पुनरतालिकीकरण गरिएका **र धितो बिक्री गरी असुल गर्नुपर्ने प्रकृयामा रहेका खराब कर्जाहरुको** सन्दर्भमा उपर्युक्त व्यवस्था लागु गर्न अनिवार्य हुने छैन। |
| २२. | इ.प्रा.निर्देशन नं.३/०७५ को बुँदा नं. २ को खण्ड (घ) मा संशोधन | **२. जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र केवलकार निर्माण परियोजनामा कर्जा प्रवाह गर्ने सम्बन्धमाः**<br><br>(घ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धी परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गरिएको छ। तर, जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line) र केवलकार निर्माण सम्बन्धी परियोजना सम्बन्धी ग्राहकले गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा पनि लगानी गर्न चाहेमा ५० प्रतिशतको सीमा ननाघ्ने गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी बढीमा २५ प्रतिशतसम्म मात्र कर्जा/सुविधा प्रवाह गर्न सकिने छ।<br><br>*(उदाहरणको लागि, : कोष तथा गैर कोषमा आधारित* | **२. जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन (Transmission Line) र केवलकार निर्माण परियोजनामा कर्जा प्रवाह गर्ने सम्बन्धमाः**<br><br>(घ) इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुले विशुद्ध जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line), **नवीकरणीय उर्जा परियोजना** र केवलकार निर्माण सम्बन्धी परियोजनाहरुमा लगानी गर्दा मात्र विद्यमान २५ प्रतिशतको एकल ग्राहक कर्जा सीमालाई वृद्धि गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको बढीमा ५० प्रतिशतसम्म लगानी सीमा कायम गरिएको छ। तर, जलविद्युत परियोजना, विद्युत प्रशारण लाइन (Transmission Line), **नवीकरणीय उर्जा परियोजना** र केवलकार निर्माण सम्बन्धी परियोजना सम्बन्धी ग्राहकले गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा पनि लगानी गर्न चाहेमा ५० प्रतिशतको सीमा ननाघ्ने गरी कोषमा आधारित कर्जा तथा गैर कोषमा आधारित सुविधा समेत गरी बढीमा २५ प्रतिशतसम्म मात्र कर्जा/सुविधा प्रवाह गर्न सकिने छ। |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| | | *सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ५० प्रतिशत विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रसारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा लगानी गर्न पाइने छैन । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ४० प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा १० प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको १ प्रतिशतदेखि २५ प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा लगानी गरेमा अन्यमा २५ प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ । )*<br>कथंकदाचित, गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार परियोजनामा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । | *(उदाहरणको लागि, : कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ५० प्रतिशत विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रसारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा लगानी गर्न पाइने छैन । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको ४० प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार/ **नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा १० प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ । कोष तथा गैर कोषमा आधारित सुविधा समेत गरी जम्मा प्राथमिक पुँजीको १ प्रतिशतदेखि २५ प्रतिशत मात्र विशुद्ध जलविद्युत परियोजना/विद्युत प्रशारण लाइन/केवलकार/**नवीकरणीय उर्जा** परियोजनामा लगानी गरेमा अन्यमा २५ प्रतिशतसम्म मात्र लगानी गर्न पाइने छ । )*<br>कथंकदाचित, गैर जलविद्युत/विद्युत प्रशारण लाइन/केवलकार/**नवीकरणीय उर्जा परियोजना**मा तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा सीमा नाघेको रकम बराबरको कर्जामा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नु पर्नेछ । |
| २३. | इ.प्रा.निर्देशन नं.<br>३/०७५ को बुँदा नं.३ को खण्ड (क) को दोस्रो अनुच्छेदमा संशोधन | **३. कर्जा सापट तथा सुविधाको सीमामा छुट**<br>साथै, सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा यस बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको व्यवस्था समेत कायम रहने गरी त्यस्ता अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाले जारी गर्ने **जमानत (Guarantee)** मा आधारित भई बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जामा पुँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि शुन्य जोखिम भार (Zero Risk Weight) प्रदान गर्न सकिने छ । | **३. कर्जा सापट तथा सुविधाको सीमामा छुट**<br>साथै, सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट अनुरोध भई आएमा यस बैंकले जारी गरेको निर्देशनमा उल्लेख भएको व्यवस्था समेत कायम रहने गरी त्यस्ता अन्तर्राष्ट्रिय बहुपक्षीय संस्थाले जारी गर्ने **निशर्तः जमानत (Guarantee)** मा आधारित भई बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने कर्जामा पुँजीकोषको अनुपात गणना गर्ने प्रयोजनका लागि शून्य जोखिम भार (Zero Risk Weight) प्रदान गर्न सकिने छ । |
| २४. | इ.प्रा.निर्देशन नं. | **१०. क्षेत्रगत कर्जा सम्बन्धी व्यवस्था** | **१०. क्षेत्रगत कर्जा सम्बन्धी व्यवस्था** |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | ३/०७५ को बुँदा नं. १० को उपबुँदा नं ६ को खण्ड (क) मा संशोधन | नगरपालिका क्षेत्रभित्रको घर/भवनको सुरक्षणमा वा घर/भवन निर्माणका लागि कर्जा प्रवाहगर्दा घर/भवन निर्माण सम्बन्धमा सम्बन्धित स्थानीय तह/कार्यालयबाट जारी मापदण्डहरु पूरा गरे/नगरेको यकिन गरी नक्सापास, आवश्यकता अनुसार अन्य निकायको स्वीकृति, घर/भवननिर्माण सम्पन्न प्रमाणपत्र लगायतका कागजातहरु लिने व्यवस्थागर्नु पर्नेछ । | नगरपालिका क्षेत्रभित्रको घर/भवनको सुरक्षणमा वा घर/भवन निर्माणका लागि कर्जा प्रवाहगर्दा घर/भवन निर्माण सम्बन्धमा सम्बन्धित स्थानीय तह/कार्यालयबाट जारी मापदण्डहरु पूरा गरे/नगरेको यकिन गरी नक्सापास, आवश्यकता अनुसार अन्य निकायको स्वीकृति, घर/भवन निर्माण सम्पन्न/**प्रमाणीकरण** लगायतका कागजातहरु लिने व्यवस्था गर्नु पर्नेछ । |
| २५. | इ.प्रा.निर्देशन नं. ४/०७५ को वित्तीय विवरणको अनुसूची ४.२५.२ मा नोट थप | हाल नभएको । | Note : Name of each shareholder alongwith their holding percentage who holds 0.5% or more share shall be disclosed in above format. |

<table>
<tr><th>क्र.सं</th><th>निर्देशन नं.</th><th>विद्यमान व्यवस्था</th><th>संशोधित व्यवस्था</th></tr>
<tr><td>२६.</td><td>इ.प्रा.निर्देशन नं. ४/०७५ को वित्तीय विवरणको अनुसूची ४.३७ मा नयाँ अनुसूची ४.३७.१ थप</td><td>हाल नभएको ।</td><td>
4.37.1 Office administration expense
<table>
<tr><th></th><th>Bank</th><th></th><th>Group</th><th></th></tr>
<tr><th></th><th>Current Year</th><th>Previous Year</th><th>Current Year</th><th>Previous Year</th></tr>
<tr><td>Water and electricity</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Repair and maintenance</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(a) Building</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(b) Vehicle</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(c) Computer and accessories</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(d) Office equipment and furniture</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(e) Other</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Insurance</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Postage, telex, telephone, fax</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Printing and stationery</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>News paper, books and journals</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Advertisement</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Donation</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Security expense</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Deposit and loan guarantee premium</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Travel allowance and expense</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Entertainment</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Annual/special general meeting expense</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Other</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(a) ..........</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>(b) .........</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>Total</td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td></tr>
<tr><td>२७.</td><td>इ.प्रा.निर्देशन नं. ४/०७५ को Interim Financial Reporting को ढाँचामा नयाँ व्यवस्था थप</td><td>हाल नभएको ।</td><td>
Details about the distributable profit
<table>
<tr><td>Net Profit for the period end …… quarter</td><td>xxxxx</td></tr>
<tr><td>1. Appropriations</td><td></td></tr>
<tr><td><u>1.1 Profit required to be appropriated to:</u></td><td>xxxxx</td></tr>
<tr><td>a. General Reserve</td><td>xxxx</td></tr>
<tr><td>b. Capital Redemption Reserve</td><td>xxxx</td></tr>
<tr><td>c. Exchange Fluctuation Fund</td><td>xxxx</td></tr>
<tr><td>d. CSR Fund</td><td>xxxx</td></tr>
<tr><td>e. Employees Training Fund</td><td>xxxx</td></tr>
<tr><td>f. Other</td><td>xxxx</td></tr>
<tr><td><u>1.2 Profit required to be transfered to Regulatory Reserve:</u></td><td>xxxxx</td></tr>
<tr><td>a. Transferred to Regulatory Reserve</td><td>xxxxx</td></tr>
<tr><td>b. Transferred from Regulatory Reserve</td><td>(xxxx)</td></tr>
</table>
</td></tr>
</table>

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | **Net Profit for the period end ……quarter available for distribution** xxxxx |
| २८. | इ.प्रा.निर्देशन नं.<br>५/०७५ को बुँदा नं. १२ को पहिलो अनुच्छेदमा संशोधन | **१२. दवाब परीक्षण सम्बन्धी मार्गदर्शन**<br>यस बैंकबाट "क" वर्गका बैंक र **राष्ट्रियस्तरका "ख" र "ग" वर्गका** संस्था स्वयंले तोकिएको दवाब परीक्षण मार्गदर्शन (Stress Testing Guidelines) बमोजिम नियमित रुपमा दवाव परीक्षण (Stress Testing Guidelines) गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । सो मार्गदर्शन बमोजिम दवाव परीक्षण गर्ने सन्दर्भमा निम्न बमोजिमको थप व्यवस्था गरिएको छ :- | **१२. दवाब परीक्षण सम्बन्धी मार्गदर्शन**<br>यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था स्वयंले तोकिएको दवाब परीक्षण मार्गदर्शन (Stress Testing Guidelines) बमोजिम नियमित रुपमा दवाव परीक्षण (Stress Testing) गर्ने व्यवस्था कार्यान्वयन गर्नु/गराउनु पर्नेछ । सो मार्गदर्शन बमोजिम दवाव परीक्षण गर्ने सन्दर्भमा निम्नबमोजिमको थप व्यवस्था गरिएको छ :- |
| २९. | इ.प्रा.निर्देशन नं.<br>६/०७५ को बुँदा नं. २ को खण्ड (ड) मा संशोधन | **२. सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व**<br>आफ्नो सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर, बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खासखास विषयमा ठोस राय/ परामर्शका लागि वित्तीय स्वार्थ नभएको विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न भने यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।<br>(प्रष्टीकरण : यस प्रयोजनका लागि सञ्चालक बाहेक अन्य पदाधिकारीले सञ्चालक संयोजक वा सदस्य रहने समिति/उप-समितिमा बैठक भत्ता लिन पाउने छैनन् । तर, सचिवालय सम्बन्धी काम गर्ने अन्य पदाधिकारीलाई समितिले तोकि छुट्टै भत्ता दिन सकिने छ ।) | **२. सञ्चालक/सञ्चालक समितिको कर्तव्य र उत्तरदायित्व**<br>सञ्चालक समितिको बैठकमा सञ्चालक बाहेकका सदस्यहरुलाई आमन्त्रण गरी सञ्चालक सरह बैठक भत्ता तथा अन्य सुविधा प्रदान गर्न पाइने छैन । तर, बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले आवश्यकता महशुस गरेमा खास खास विषयमा राय/परामर्शका लागि वित्तीय स्वार्थ नभएको विषय विज्ञ व्यक्तिलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गरी आवश्यक राय/परामर्श प्राप्त गरी सो वापत पारिश्रमिक प्रदान गर्न, **कम्पनी सचिव तथा सचिवालयका कर्मचारीहरुलाई सञ्चालक समितिले तोकेबमोजिमको खर्च प्रदान गर्न** यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन । |
| ३०. | इ.प्रा.निर्देशन नं.<br>६/०७५ को बुँदा नं. ५ मा उपबुँदा नं. (१७) मा | **५.कर्मचारीहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था** | **५.कर्मचारीहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था**<br>इजाजतपत्रप्राप्त संस्थाहरुले उत्कृष्ट कर्मचारी छनौट |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| | थप | हाल नभएको | (Talent-hunt) प्रक्रियाबाट कर्मचारी भर्ना गर्नु पर्ने अवस्थामा निष्पक्षता र पारदर्शीता कायम हुने गरी अलगै कार्यविधि तर्जुमा गरी मात्र भर्ना गर्ने व्यवस्था गर्नुपर्ने छ । |
| ३१. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ६ को पहिलो अनुच्छेदमा संशोधन | **६. कर्मचारी दक्षता अभिबृद्धि सम्बन्धमा**<br>इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष **कुल कर्मचारी खर्चको न्यूनतम** ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ । | **कर्मचारी दक्षता अभिबृद्धि सम्बन्धमा**<br>इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीहरुको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष **गत आर्थिक वर्षको कुल तलबभत्ता खर्चको** न्यूनतम ३ प्रतिशत रकम तालिम तथा वृत्ति विकासमा खर्च गर्नु पर्नेछ । यस्तो खर्च गर्दा निम्नानुसारका शर्तहरु पालना गर्नु पर्नेछ । |
| ३२. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ६ को खण्ड (क) मा संशोधन | **५. कर्मचारीहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था**<br>क) तालिम तथा वृति विकास खर्चको गणना गर्दा गत वर्षको कुल कर्मचारी खर्चलाई आधार लिनु पर्नेछ । | **५.कर्मचारीहरुले पालना गर्नु पर्ने आचरण सम्बन्धी व्यवस्था**<br>खारेज गरिएको । |
| ३३. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ७ को उपबुँदा नं. १ को खण्ड (छ) मा संशोधन | **७. आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था**<br>(छ) समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समितिका सदस्यले पाउने बैठक भत्ता भन्दा बढी नहुने गरी तोक्नु पर्ने छ । | **७.आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था**<br>(छ) सञ्चालकको संयोजकत्वमा गठित समिति/उप-समितिका सदस्यहरुको बैठक भत्ता सञ्चालक समिति सरह र अन्य पदाधिकारीहरुको भत्ता सञ्चालकको भन्दा कम हुने गरी सञ्चालक समितिले तोकेबमोजिम हुनेछ । |
| ३४. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ७ मा उपबुँदा नं. (५) थप गरिएको संशोधन | **७. आन्तरिक समिति/उप-समिति सम्बन्धी व्यवस्था**<br>हाल नभएको । | **(५) सम्पत्ति शुद्धीकरण निवारण समिति सम्बन्धी व्यवस्था**<br>यस बैंकको निर्देशन बमोजिम बैंक तथा वित्तीय संस्थाले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा अनुपालना ( Compliance) विभागका विभागीय प्रमुख तथा जोखिम व्यवस्थापन बिभागका विभागीय प्रमुख सदस्य र सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, ऐनको दफा ७ त बमोजिम नियुक्त भएको कार्यान्वयन अधिकारी सदस्य सचिव रहने गरी सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति गठन गर्नु पर्नेछ । समितिमा आवश्यकता अनुसार एक जना सम्म विशेषज्ञ/सम्वन्धित व्यक्ति |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| | | | आमन्त्रण गर्न सकिने छ । समितिको बैठक कम्तीमा पनि तीन महिनामा एकपटक बस्नु पर्नेछ ।<br><br>**<u>समितिको काम कर्तव्य र उत्तरदायित्व</u>**<br><br>(क) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन ( इ.प्रा.निर्देशन नं. १९) बमोजिम भए/गरेका काम कारवाहीको समीक्षा गरी प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।<br>(ख) सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०७३, यस बैंकबाट जारी निर्देशन तथा Financial Action Task Force (FATF) द्वारा जारी भएको सिफारिस (Recommendation) बमोजिम बैंकले तर्जुमा तथा कार्यान्वयन गरेको आन्तरिक नीति, कार्यविधि तथा प्रकृयागत पक्षहरुको पर्याप्तता सम्बन्धमा छलफल गरी आवश्यक नीतिगत व्यवस्था र सो को कार्यान्वयन गर्ने ।<br>(ग) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी पहिचान र सोको निवारणका लागि अपनाईएका र अपनाउनुपर्ने प्रकृयागत पक्ष तथा सो कार्यमा प्रयोग हुने सूचना प्रविधि प्रणालीको पर्याप्तता सम्बन्धी छलफल गरी आवश्यक सुधारको लागि सञ्चालक समितिलाई सुझाव दिने ।<br><br>(घ) ग्राहक पहिचान सम्बन्धी व्यवस्थाको बिश्लेषण गरी उच्च पदस्थ व्यक्ति तथा अन्तिम हिताधिकारी लगायत जोखिम बर्गीकरण अनुसार ग्राहक पहिचान र ग्राहक स्वीकार नीति (Customer Acceptance Policy) तर्जुमा तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने । |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | (ङ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी ऐन, नियमावली, यस बैंकद्वारा जारी निर्देशन, एवम् बैंकको आन्तरिक नीति नियमको परिपालना तथा कार्यान्वयन अवस्थाको बारेमा त्रैमासिक प्रतिवेदन सञ्चालक समितिमा पेश गर्ने ।<br><br>(च) व्यवस्थापनबाट देहाय बमोजिमको प्रतिवेदन/विवरण लिई छलफल गर्ने र आवश्यकता अनुसार सञ्चालक समितिलाई सुझाव दिने ।<br>(१) AML/CFT को जोखिम व्यवस्थापन सम्वन्धी प्रतिवेदन ।<br>(२) ग्राहक पहिचानको अद्यावधिक स्थिति, ग्राहक पहिचान पद्धति (CDD) को विवरण, PEPs को विवरण र बृहत ग्राहक पहिचान पद्धति (ECDD) को विवरण तथा यसलाई छिटो, छरितो र सुचना प्रविधिको प्रयोग मार्फत थप प्रभावकारी वनाउन भविष्यमा अवलम्बन गर्नुपर्ने नीतिगत, प्रकृयागत र संस्थागत सुधारका कार्यहरुको विवरण ।<br>(३) आन्तरिक लेखापरीक्षण, बाह्रय लेखापरीक्षण र यस बैंकको निरीक्षण प्रतिवेदनमा उल्लिखित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कैफियतहरु उपर समीक्षा तथा सो सम्बन्धमा नीतिगत एवम् प्रक्रियागत सुधार गर्नु पर्ने पक्षहरुको विस्तृत विवरण ।<br><br>(छ) बैंक/वित्तीय संस्थाले नयाँ सेवा/सुबिधा शुरुवात गर्दा, प्रविधि (IT System) खरिद गर्दा, वायर ट्रान्सफर गर्दा, ई-बैकिङ्ग/मोबाईल बैकिङ्ग (QR Code समेत), मोबाइल वालेट मार्फत रकम रकमान्तर गर्दा र अन्य अनलाईन/अफलाइन मार्फत हुने कारोबारमा निहित सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी जोखिमको विश्लेषण र सोको |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | व्यवस्थापनको लागि नीतिगत एवं प्रक्रियागत पक्षमा गर्नुपर्ने आवश्यक सुधारहरुको सम्बन्धमा विस्तृत विवरण ।<br><br>(ज) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय क्षेत्रमा सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी भएको विषयहरु/घटनाहरु र त्यसबाट बैंक/वित्तीय संस्थालाई पर्न सक्ने असरहरुको विश्लेषण गरी जोखिम व्यवस्थापन गर्न के कस्तो नीतिगत व्यवस्था गर्नुपर्ने हो सो सम्बन्धमा आवश्यक सुझाव सञ्चालक समिति समक्ष पेश गर्ने ।<br><br>(झ) कार्यान्वयन अधिकारी, संस्थाको चुक्ता पुँजीको दुई प्रतिशत वा सो भन्दा वढी सेयर स्वामित्व भएका सेयरधनी, सञ्चालक समितिका सदस्यहरु, उच्च व्यस्थापनलाई र AML/CFT को कार्यमा प्रत्यक्ष तथा नियमित रुपमा संलग्न हुने कर्मचारीहरुलाई AML/CFT सम्बन्धी बिषयमा उपयुक्त ज्ञान हस्तान्तरण कार्यक्रमको व्यवस्थापन गर्ने ।<br><br>(ञ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी आन्तरिक नीतिगत व्यवस्था र मार्गदर्शनको नियमित पुनरावलोकन गरी सोको पर्याप्तताका सम्बन्धमा सञ्चालक समितिमा सुझाव पेश गर्ने ।<br><br>(ट) AML/CFT प्रणालीले प्रभावकारी रुपमा काम गरे/नगरेको, जोखिमको उचित तवरले व्यवस्थापन गरे/नगरेको, अस्वभाविक गतिविधिको पर्याप्त अनुगमन हुने व्यवस्था गरे/नगरेको र आवश्यक प्रतिवेदनहरु सम्बन्धित निकायमा पेश हुने गरे/नगरेको यकिन गरी सो विषय संचालक समितिमा समेत छलफल हुने व्यवस्था गर्ने ।<br><br>(ठ) सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | वित्तीय लगानी नियन्त्रण सम्बन्धमा वित्तीय जानकारी इकाई र यस बैंकले तोके बमोजिमको माध्यमवाट नियमित रुपमा सम्बन्धित निकायहरुमा पेश गर्नुपर्ने विवरण तथा प्रतिवेदनहरु तोकिए बमोजिम पेश गरे/नगरेको सम्बन्धमा समितिले सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४क मा उल्लेखित प्रावधान प्रतिकुल नहुने गरी छलफल गर्ने । |
| ३५. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ८ को शीर्षक मिलान | ८. आफ्ना सञ्चालक, संस्थापक, प्रमुख कार्यकारी अधिकृत, सेयरधनी, धितो मूल्याङ्कनकर्ता, लेखापरीक्षक, कानुनी सल्लाहकार, कर्मचारी एवम् निजसँग सम्बन्धित फर्मलाई कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था : | **८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था :** |
| ३६. | इ.प्रा.निर्देशन नं. ६/०७५ को बुँदा नं. ८ को खण्ड (ख) को उपखण्ड (१) र (२) तथा खण्ड (ग) र (ङ) मा संशोधन | **८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था :**<br>(ख) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका **संस्थापक**, सेयरधनी, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) **संस्थापक वा संस्थापक समूहका सेयरधनी** वा चुक्ता पुँजीको कुल सेयरको एक प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,<br>(२) **संस्थापक,** एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई ,<br>तर, विगतमा कुल चुक्ता पुँजीको एक प्रतिशत भन्दा कम सेयर धारण गरेका इजाजतपत्रप्राप्त | **८. कर्जा प्रदान गर्न बन्देज सम्बन्धी व्यवस्था :**<br>(ख) देहायका अवस्थामा इजाजतपत्रप्राप्त संस्थाका **संस्थापक समूह**, सेयरधनी, लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारीलाई कर्जा तथा गैरकोषमा आधारित सुविधा प्रदान गर्न बन्देज गरिएको छ :-<br>(१) **संस्थापक समूहका सेयरधनी** वा चुक्ता पुँजीको कुल सेयरको एक प्रतिशतभन्दा बढी सेयर लिएका सेयरधनी तथा निजका परिवारका सदस्य र कर्मचारीलाई,<br>(२) **संस्थापक समूहका सेयरधनी**, एक प्रतिशत वा सोभन्दा बढी सेयर लिएका व्यक्ति/फर्म/कम्पनी/संस्था, कार्यकारी प्रमुख, बहालवाला लेखापरीक्षक, कानुनी सल्लाहकार तथा कर्मचारी वा त्यस्ता व्यक्तिको परिवारका सदस्य **वा त्यस्ता व्यक्तिका वित्तीय स्वार्थ भएका फर्म, कम्पनी, संस्था** वा सञ्चालक मनोनित वा नियुक्ति गर्ने अधिकार पाएका फर्म, कम्पनी वा संस्थालाई ,<br>तर, विगतमा कुल चुक्ता पुँजीको एक प्रतिशत |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | संस्थाका **संस्थापक वा संस्थापक समूहका सेयरधनीलाई** प्रदान भएको कर्जा तथा गैर कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।<br><br>(ग) इजाजतपत्रप्राप्त संस्थाका **संस्थापक**, सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न पाइने छैन ।<br><br>तर, इजाजतपत्रप्राप्त संस्थाको आफ्नै मुद्दति निक्षेप रसिद र शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न तथा नेपाल सरकार तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न यस खण्डमा भएको कुनै पनि व्यवस्थाले बाधा पुऱ्याउने छैन ।<br><br>(ङ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो संस्थाको **संस्थापक**/सञ्चालक/कर्मचारी तथा निजको एकाघर परिवारको सदस्यको चेक खरिद गर्न पाइने छैन । | भन्दा कम सेयर धारण गरेका इजाजतपत्रप्राप्त संस्थाका **संस्थापक समूहका सेयरधनीलाई** प्रदान भएको कर्जा तथा गैर कोषमा आधारित सुविधाको विस्तृत विवरण वार्षिक वित्तीय विवरणमा खुलाउनु पर्नेछ ।<br><br>(ग) इजाजतपत्रप्राप्त संस्थाका **संस्थापक समूहका सेयरधनी**, सञ्चालक, कार्यकारी प्रमुख र निजको परिवारका सदस्यहरुको स्वामित्वमा रहेको सम्पत्तिको धितोमा सोही संस्थाबाट धितो राखी कर्जा प्रवाह गर्न पाइने छैन ।<br><br>**तर, शत प्रतिशत नगद मार्जिनमा जमानत जारी गर्न, इजाजतपत्रप्राप्त संस्थाको आफ्नै मुद्दति रसिद तथा नेपाल सरकार र नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा कर्जा प्रदान गर्न यस खण्डमा भएको कुनै पनि व्यवस्थाले बाधा पुऱ्याउने छैन ।**<br><br>(ङ) इजाजतपत्रप्राप्त संस्थाले आफ्नो संस्थाको **संस्थापक समूहका सेयरधनी**/सञ्चालक/कर्मचारी तथा निजको एकाघर परिवारको सदस्यको चेक खरिद गर्न पाइने छैन । |
| ३७. | इ.प्रा.निर्देशन नं.<br><br>६/०७५ को बुँदा नं. १० र १७ लाई एकीकृत गरी बुँदा नं. १७ खारेज | **१०. स्वःघोषणा सम्बन्धी व्यवस्था**<br><br>(क) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकहरुले आफ्नो बारेमा यसैसाथ संलग्न स्वघोषणा (Self-Declaration) गरे/गराएको विवरण (**अनुसूची ६.३**) सहितको जानकारी तथा सम्बन्धित संस्थाले आफ्ना सञ्चालकहरुको सम्बन्धमा तयार गरेको दर्ता/लगत किताबको ढाँचा (**अनुसूची ६.४**) सहितको विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।<br><br>(ख) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थाको सञ्चालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा परिवारको स्वामित्वमा रहेको फर्म/कम्पनीको नाममा | **१० स्वःघोषणा तथा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था**<br><br>(क) इजाजतपत्रप्राप्त संस्थाका सञ्चालकहरुले आफ्नो बारेमा यसैसाथ संलग्न स्वघोषणा (Self-Declaration) गरे/गराएको विवरण (**अनुसूची ६.१**) सहितको जानकारी तथा सम्बन्धित संस्थाले आफ्ना सञ्चालकहरुको सम्बन्धमा तयार गरेको दर्ता/लगत किताबको ढाँचा (**अनुसूची ६.२**) सहितको विवरण यस बैंकमा पेश गर्नु पर्नेछ ।<br><br>(ख) बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थाको सञ्चालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा परिवारको स्वामित्वमा रहेको फर्म/कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र सञ्चालक समितिमा पेश गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।<br>**१७. सम्पत्ति विवरण तथा स्वःघोषणा सम्बन्धी व्यवस्था**<br>संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ । साथै, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा यस निर्देशनको **अनुसूची नं. ६.५** बमोजिमको स्वःघोषणा गरी गराई अभिलेख राख्नु पर्नेछ । | संस्थाहरुबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण वार्षिक रुपमा आर्थिक वर्ष समाप्त भएको मितिले ३५ दिनभित्र सञ्चालक समितिमा पेश गरी अद्यावधिक गरी राख्नु पर्नेछ ।<br>(ग) संस्थाले प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु नियुक्ति गर्दा यस निर्देशनको **अनुसूची नं. ६.३** बमोजिमको स्वःघोषणा गरी गराई अभिलेख राख्नु पर्नेछ ।<br>(घ) संस्थाले आफ्ना सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अधिकृत स्तरका कर्मचारीहरु र निजका परिवारको नाममा रहेको चलअचल सम्पत्ति र बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋणको विवरण हरेक आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र अद्यावधिक गरी राख्नुपर्नेछ । |
| ३८. | इ.प्रा.निर्देशन नं.<br>६/०७५ को बुँदा नं. २० थप गरी हालको बुँदा नं. २० को क्रम संख्या मिलान | हाल नभएको । | २०. इजाजतपत्रप्राप्त संस्थाका प्रमुख कार्यकारी अधिकृत तथा सञ्चालक बीच कुनै किसिमको कारोबार भएमा उक्त कारोबारको विस्तृत विवरण सहितको जानकारी मासिक रुपमा महिना समाप्त भएको १५ दिन भित्र सम्बन्धित सुपरिवेक्षण विभागलाई जानकारी गराउनु पर्नेछ । |
| ३९. | ई.प्रा.निर्देशन नं. ८/०७५ को बुँदा नं. ३ को उपबुँदा नं. १ को दोस्रो अनुच्छेदमा संशोधन | **३. संगठित संस्थाको सेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था**<br>धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको **जलविद्युत लगायत नवीकरणीय उर्जा परियोजना, विद्युत प्रसारण लाइन र केवलकार निर्माण परियोजना सञ्चालन गर्न स्थापित पब्लिक लिमिटेड कम्पनीको सेयर वा डिवेञ्चरमा लगानी गरेमा त्यस्तो लगानी गरेको मितिले ३ वर्षभित्र र अन्य संगठित संस्थाको** सेयर तथा डिवेञ्चरमा | **३. संगठित संस्थाको सेयर, डिवेञ्चर तथा अन्य लगानी सम्बन्धी व्यवस्था**<br>धितोपत्र विनिमय बजारमा सूचीकृत भईनसकेको **संगठित संस्थाको** सेयर तथा डिवेञ्चरमा लगानी गरेमा लगानी गरेको मितिले **तीन वर्षभित्र** उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त सेयर |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | लगानी गरेमा लगानी गरेको मितिले **दुई वर्षभित्र** उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएको खण्डमा लगानी भए बराबरको रकम सञ्चित मुनाफा खर्च गरी लगानी समायोजन कोषमा जम्मा गर्नु पर्नेछ । त्यस्तो कोषमा रहेको रकम उक्त सेयर तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन । | तथा डिबेञ्चर सूचीकृत नभएसम्म उपयोग गर्न पाइने छैन । |
| ४०. | ई.प्रा.निर्देशन नं. १०/०७५ को बुँदा नं. ११ मा संशोधन | **११. इजाजतपत्रप्राप्त संस्थाको संस्थापक वा संस्थापक समूहको सेयरमा सहकारी संस्थाहरुबाट लगानी गर्ने सम्बन्धमा**<br>यस बैंकबाट इजाजतपत्र प्राप्त गरेका वा इजाजतपत्रको लागि नयाँ निवेदन पेश हुने बैंक तथा वित्तीय संस्थाको संस्थापक वा संस्थापक समूहको सेयरमा प्रचलित कानुन बमोजिम संस्थापित सहकारी संस्थाहरुले संस्थागत रुपमा लगानी गर्न पाउने छैनन् । | **११. इजाजतपत्रप्राप्त संस्थाको सेयरमा सहकारी संस्थाहरुबाट लगानी गर्न नपाउने सम्बन्धमा**<br>यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका वा इजाजतपत्रको लागि नयाँ निवेदन पेश हुने बैंक तथा वित्तीय संस्थाको सेयरमा प्रचलित कानुन बमोजिम संस्थापित सहकारी संस्थाहरुले **लगानी** गर्न पाउने छैनन् । |
| ४१. | इ.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. ३ को उपबुँदा नं. (१) मा संशोधन | **३. अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने**<br>१) कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ ।<br>तर सुनचाँदी, मुद्दति रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जामा भने यो व्यवस्था लागू हुने छैन । | **३. अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्ने**<br>१) कर्जा प्रवाह गर्न, पुरानो कर्जा नवीकरण गर्न, पुनरसंरचना वा पुनरतालिकीकरण गर्नु अगावै ऋणी/ग्राहकको बारेमा केन्द्रबाट अनिवार्य रुपमा कर्जा सूचना लिनु पर्नेछ । यसरी कर्जा सूचना माग भएमा केन्द्रले बढीमा ३ (तिन) कार्य दिनभित्रमा त्यस्तो सूचना दिनु पर्नेछ ।<br>तर सुनचाँदी, मुद्दति रसिद र सरकारी सुरक्षणपत्र धितो कर्जा र **रु. १ लाखसम्मको Credit Card कर्जामा** भने यस्तो सूचना लिन अनिवार्य हुने छैन । |
| ४२. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. ६ को प्रतिबन्धात्मक व्यवस्थामा खण्ड (घ) थप | **६.कालोसूचीमा समावेश भएका ऋणीलाई इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा प्रदान गर्नमा बन्देज**<br>हाल नभएको । | **६. कालोसूचीमा समावेश भएका ऋणीलाई इजाजतपत्रप्राप्त संस्थाबाट कर्जा प्रदान गर्नमा बन्देज**<br>**(घ) कर्जाको साँवा र ब्याज नियमित भएको अवस्थामा सो** |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | **कर्जा नवीकरण गर्न बाधा पुगेको मानिने छैन ।** |
| ४३. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.१ मा खण्ड (ज) थप | **१०.१ कालोसूचीमा समावेश हुने अवस्थाहरु**<br><br>हाल नभएको | **१०.१ कालोसूचीमा समावेश हुने अवस्थाहरु**<br><br>(ज) गैरकोषमा आधारित सुविधा वा क्रेडिट कार्डबाट सिर्जना भएको कर्जा (Forced Loan) को हकमा कर्जा शीर्षकमा लेखांकन भएको ९० दिन नाघेमा । |
| ४४. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.२ को खण्ड (ङ) को पहिलो अनुच्छेदमा संशोधन | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>कुनै व्यक्ति फर्म, कम्पनी वा सगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभई जतिसुकै रकमको चेक जारी गरेमा बुँदा नं. १०.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय वमोजम हुनेछ :- | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा वा गलत हस्ताक्षर गरेमा**<br>कुनै व्यक्ति फर्म, कम्पनी वा सगठित संस्थाले आफ्नो खातामा पर्याप्त मौज्दात नभई जतिसुकै रकमको चेक जारी गरेमा वा **चेक लिने व्यक्तिले चेकमा उल्लिखित विवरण सही भएको यकिन गर्न सक्ने अवस्थामा बाहेक अन्य कुनै कारणले चेक फिर्ता भएमा** बुँदा नं. १०.१ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय वमोजिम हुनेछ :- |
| ४५. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.२ को खण्ड (ङ) को उपखण्ड (१) मा संशोधन | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>(१) एकपटक भुक्तानी नभइकन फिर्ता भएको चेकको हकमा **भुक्तानी पाउनुपर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले** कम्तीमा दुई कार्यदिनको समय दिई सम्बन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्न सक्नेछ । | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>(१) एकपटक भुक्तानी नभइकन फिर्ता भएको चेकको हकमा **चेक धारक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले** कम्तीमा दुई कार्यदिनको समय दिई सम्बन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्न सक्नेछ । |
| ४६. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.२ को खण्ड (ङ) को उपखण्ड (२) मा संशोधन | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>(२) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा **रकम भुक्तानी पाउनुपर्ने** व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ । | **(ङ) खातामा मौज्दात अपर्याप्त भएमा**<br>(२) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा **चेक धारक** व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थाले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा जानकारी दिन सक्नेछ । **तर, यस्तो निवेदन चेक जारी भएको मितिले ६ महिना भित्र दिइसक्नु पर्नेछ ।** |
| ४७. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.२ मा खण्ड (झ) थप | **(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा**<br>हाल नभएको । | **(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा**<br>(१) कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले जारी गरेको चेकको हस्ताक्षर नमिलेको खण्डमा बैंकले सो चेक |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | धारकलाई चेकको हस्ताक्षर नमिलेको व्यहोरा लिखित रुपमा जानकारी गराउनु पर्ने छ ।<br>(२) चेक धारकले चेकको हस्ताक्षर नमिलेको व्यहोरा चेक जारी गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्थालाई बैंक/वित्तीय संस्था मार्फत जानकारी गराउनु पर्ने छ । चेक जारी गर्ने व्यक्ति फर्म, कम्पनी वा संस्थाले चेकमा सही हस्ताक्षर नगरेमा वा चेक परिवर्तन नगरेमा धारकले पहिलो पटक चेक पेश गरेको २ कार्यदिन पश्चात चेकको रकम भुक्तानी गर्नुपर्ने बैंक वा वित्तीय संस्थामा लिखित रुपमा **जानकारी दिन सक्नेछ ।**<br>(३) खण्ड (२) बमोजिम लिखित जानकारी प्राप्त भएपछि सम्बन्धित बैंक वा वित्तीय संस्थाले चेक जारी गर्ने त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई चेकको रकम भुक्तानी गर्न सार्वजनिक विदा बाहेक सात दिनको सूचना दिनुपर्नेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा (**चेक हराएको, चोरी भएको वा अनाधिकृत रुपमा चेक जारी भएको लिखित निवेदन प्राप्त भएको अवस्थामा बाहेक**) त्यस्तो चेक खिच्ने व्यक्ति, फर्म, कम्पनी वा संगठित संस्थालाई उक्त चेक जारी गर्ने बैंक वा वित्तीय संस्थाले अनिवार्य रुपमा कालोसूचीमा सूचीकृत गर्न कर्जा सूचना केन्द्रमा लेखी पठाउनु पर्नेछ । सो अनुसार नगरेमा बैंक तथा वित्तीय संस्थालाई यसै निर्देशन बमोजिम कारबाही हुनेछ । |
| ४८. | ई.प्रा.निर्देशन नं. १२/०७५ को बुँदा नं. १०.२ मा खण्ड (ञ) थप | **(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा**<br>हाल नभएको । | **(झ) चेकमा गलत हस्ताक्षर गरी चेक भुक्तानी नभएमा**<br>(ञ) खण्ड (ङ) देखि खण्ड (झ) सम्मको व्यवस्था नेपाली बैंक तथा वित्तीय संस्थामा खाता भई चेक जारी गरेका विदेशी नागरिक समेतलाई लागु हुनेछ । |
| ४९. | ई.प्रा.निर्देशन नं. १२/०७५ मा नयाँ बुँदा | हाल नभएको । | **२१.** यस बैंकको निर्देशन बमोजिम कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी, संस्थाले बैंक तथा वित्तीय |

| क.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | नं. २१ थप गरी क्रम संख्या मिलान | | संस्थामा खाता (कल खाता समेत) खोल्न पाउने छैनन् । साथै कालो सूचीमा रहेको व्यक्ति, फर्म, कम्पनी वा संस्थाको कायम रहेको खातामा रकम जम्मा गर्न बाहेक अन्य बैकिङ्ग कारोबार गर्न पाइने छैन ।<br><br>तर, दैनिक जीवनयापनको लागि चाहिने आधारभूत आवश्यक खर्चको प्रयोजनको लागि नेपाल सरकारबाट तोकिए बमोजिमको रकमको हदसम्म रकम निकाल्न, नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर आदि तिर्न तथा बैंक वा वित्तीय संस्थाको कर्जा नतिरी कालो सूचीमा समावेश भएका व्यक्ति, फर्म, कम्पनी वा संस्थाले ऋण तिर्ने प्रयोजनको लागि मात्र खाता सञ्चालन गर्न यस व्यवस्थाले बाधा पुगेको मानिने छैन । |
| ५०. | ई.प्रा.निर्देशन नं. १३/०७५ को बुँदा नं. १ को उपबुँदा नं. (५) मा संशोधन | **१.अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था**<br><br>अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ। | **१.अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था**<br><br>अनिवार्य मौज्दातमा नपुग भए जति रकममा प्रचलित बैंक दरको प्रतिशतले दुई हप्ताको हिसाबमा जरिवाना लगाइनेछ र यसरी नपुग भए जतिको रकमलाई बैंक दरको प्रतिशतले गुणा गरी छब्बिसले भाग गरिने छ । एउटै अवधि (दुई हप्ताको) मा न्यूनतम दैनिक मौज्दात तथा अनिवार्य मौज्दात दुवैमा नपुग भएमा लाग्ने जरिवानामध्ये जुन बढी हुन्छ सो मात्र लाग्ने छ। |
| ५१. | ई.प्रा.निर्देशन नं. १३/०७५ को बुँदा नं. ३ को खण्ड (ङ) मा संशोधन | **३.वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**<br><br>राष्ट्रियस्तर बाहेकका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम, | **३.वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**<br><br>प्रादेशिक स्तरका वित्तीय संस्थाहरुले मागेका वखत प्राप्त हुने गरी अन्य बैंक तथा वित्तीय संस्थाहरुमा राखेको रकम, |
| ५२. | ई.प्रा.निर्देशन नं. १३/०७५ को बुँदा नं. ३ मा नयाँ खण्ड (छ) थप | **३. वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**<br><br>हाल नभएको । | **३. वैधानिक तरलता अनुपात (Statutory Liquidity Ratio) सम्बन्धी व्यवस्था**<br><br>(छ) खुला बजार कारोवार अन्तर्गत इजाजतपत्रप्राप्त |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | | संस्थाबाट यस बैंकले संकलन गरेको निक्षेप, |
| ५३. | इ.प्रा.निर्देशन नं. १५/०७५ को बुँदा नं. ३ को उपबुँदा नं. (३) मा प्रतिबन्धात्मक वाक्यांश थप | **३. कर्जाको ब्याजदर**<br>(३) कर्जाको प्रकार तथा भुक्तानी अवधिका आधारमा छुट्टाछुट्टै प्रिमियम दर तय गरी त्रैमासिक रुपमा कर्जा तथा सापटको ब्याजदर निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ । ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ । | **३. कर्जाको ब्याजदर**<br>(३) कर्जाको प्रकार तथा भुक्तानी अवधिका आधारमा छुट्टाछुट्टै प्रिमियम दर तय गरी त्रैमासिक रुपमा कर्जा तथा सापटको ब्याजदर निर्धारण तथा प्रकाशन गर्नु पर्नेछ । ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । प्रकाशित प्रिमियम दर परिवर्तन गर्दा अर्धवार्षिक रुपमा परिवर्तन गर्न सकिनेछ । **तर, प्रिमियम दर घटाउनु पर्ने भएमा अर्धवार्षिक भन्दा कम समयावधिमा पनि प्रकाशित प्रिमियम दर परिवर्तन गर्न सकिनेछ ।** |
| ५४. | इ.प्रा.निर्देशन नं. १५/०७५ अनुसूची १५.१ को बुँदा नं. २.४ मा स्पष्टीकरण थप | हाल नभएको | **स्पष्टीकरण :** यस प्रयोजनका लागि **कुल सञ्चालन खर्च** भन्नाले संस्थाको कुल सञ्चालन खर्चबाट इ.प्रा.निर्देशन नं. ४ मा तोकिएको वित्तीय विवरण्को ढाँचाको अनुसूची ४.३६ मा रहेको Finance Expense under NFRS र Employees Bonus घटाई कायम रहेको कुल सञ्चालन खर्चलाई सम्झनु पर्दछ । साथै, निक्षेप संकलनसंग प्रत्यक्ष सम्बन्धित निक्षेपकर्तालाई प्रदान गर्ने सुबिधा वापतका खर्चहरु जस्तै बीमा खर्च, औषधी उपचार खर्च आदि कुल सञ्चालन खर्चमा समावेश गर्न पाइने छैन । |
| ५५. | इ.प्रा.निर्देशन नं. १६/०७५ को बुँदा नं. ५ को उपबुँदा नं. २ र बुँदा नं. ११ को उपबुँदा नं. ७ मा प्रतिबन्धात्मक वाक्यांश थप | **५. डिबेञ्चर तथा अन्य ऋण उपकरणहरु जारी गर्ने सम्बन्धी व्यवस्था**<br>हाल नभएको । | **५. डिबेञ्चर तथा अन्य ऋण उपकरणहरु जारी गर्ने सम्बन्धी व्यवस्था**<br>तर, यस बैंकले तोकेको न्यूनतम चुक्ता पुँजी पुरा गर्ने प्रयोजन बाहेकको अवस्थामा संस्थाले कुनै आर्थिक वर्षमा ५ पूर्ण आर्थिक वर्ष भन्दा बढी भुक्तानी अवधि बाँकी रहेको ऋणपत्र वापत भुक्तानी कोषमा जम्मा गर्नु पर्ने रकम बराबर बोनस सेयर जारी गरेमा सो आर्थिक वर्षमा भुक्तानी कोष (Capital Redemption Reserve) मा रकम जम्मा गर्न अनिवार्य हुने छैन । तर, सो वर्षमा जम्मा गर्नु पर्ने |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
| --- | --- | --- | --- |
| | | | रकम उक्त वर्ष पश्चातका आर्थिक वर्षहरुमा थप गरी समानुपातिक आधारमा अनिवार्य रुपमा उक्त कोषमा जम्मा गर्नु पर्ने छ। |
| ५६. | इ.प्रा.निर्देशन नं. १६/०७५ को बुँदा नं. ११ को उपबुँदा नं. १२ लाई संशोधन | **११. सहायक आवधिक ऋणपत्र तथा भुक्तानी योग्य अपरिवर्तनीय अग्राधिकार सेयर जारी गर्न सक्ने**<br>१२. ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि भुक्तानी समायोजन कोष (Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजीकोष समायोजन कोषमा रकमान्तर गर्नु पर्ने छ। | **११. सहायक आवधिक ऋणपत्र तथा भुक्तानी योग्य अपरिवर्तनीय अग्राधिकार सेयर जारी गर्न सक्ने**<br>१२.ऋणपत्र/भुक्तानीयोग्य अपरिवर्तनीय अग्राधिकार शेयर भुक्तानी गरेपछि **बुँदा नं. ५ को उपबुँदा नं. २ र यस बुँदाको उपबुँदा नं ७ बमोजिम कायम गरेको** भुक्तानी समायोजन कोष (Capital Redemption Reserve) मा बाँकी रहेको रकमलाई पुँजीकोष समायोजन कोषमा रकमान्तर गर्नु पर्ने छ। **पुँजी समायोजन कोषमा जम्मा भएको रकमबाट बोनस सेयरमात्र जारी गर्न सकिने छ।** |
| ५७. | ई.प्रा. निर्देशन नं. १७/०७५ को मूल शिर्षकमा संशोधन | १७. विपन्न वर्ग तथा **तोकिएका उत्पादनशील** क्षेत्रमाप्रवाह गर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था | १७. विपन्न वर्ग तथा **प्राथमिकताप्राप्त** क्षेत्रमा प्रवाहगर्नुपर्ने कर्जा सम्बन्धी व्यवस्था |
| ५८. | ई.प्रा. निर्देशन नं. १७/०७५ को बुँदा नं ३ को खण्ड (ठ) मा संशोधन | (ठ) चालकहरुलाई आफ्नै स्वामित्वमा रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जा। | (ठ) चालकहरुलाई आफ्नै स्वामित्वमा रिक्सा, विद्युतीय रिक्सा, अटो रिक्सा, **विद्युतीय टेम्पो** खरिद गरी आफै सञ्चालन गर्ने प्रयोजनका लागि उक्त रिक्साकै धितोमा प्रवाह भएको कर्जा। |
| ५९. | ई.प्रा. निर्देशन नं. १७/०७५ बुँदा नं. १७ को स्पष्टिकरण को बुँदा नं. १ मा संशोधन | **१७. प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**<br>***<u>स्पष्टीकरण:</u>***<br>*(१) 'प्राथमिकताप्राप्त क्षेत्र' भन्नाले वाणिज्य बैंकको लागि कृषि, जलविद्युत/उर्जा तथा पर्यटन क्षेत्रलाई जनाउछ भने "ख" र "ग" वर्गका वित्तीय संस्थाको हकमा कृषि, जलविद्युत/उर्जा, पर्यटन, निर्यात, साना तथा मझौला, औषधी उत्पादन, सिमेन्ट, गार्मेन्ट उद्योगलाई* | **१७. प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**<br>***<u>स्पष्टीकरण:</u>***<br>*(१) 'प्राथमिकताप्राप्त क्षेत्र' भन्नाले कृषि क्षेत्र, जलविद्युत/उर्जा क्षेत्र, पर्यटन क्षेत्र र निर्यात उद्योग, साना तथा मझौला उद्योग, औषधी उत्पादन उद्योग, सिमेन्ट उद्योग एवम् गार्मेन्ट उद्योगलाई जनाउने छ।* |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | *जनाउने छ ।* | |
| ६०. | ई.प्रा. निर्देशन नं. १७/०७५ बुँदा नं. १७ को स्पष्टीकरण को बुँदा नं. ३ मा संशोधन | **१७. प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**<br>(३) 'जलविद्युत/उर्जा क्षेत्र' भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधनलाई समेत जनाउने छ। | **१७. प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**<br>(३) 'जलविद्युत/उर्जा क्षेत्र' भन्नाले जलविद्युत, नवीकरणीय उर्जा सम्बन्धी (यस बैंकबाट जारी ने. रा. बैंक निर्देशन फा.नं. ३.१ को क्र.सं. ७.१ बमोजिमको) क्षेत्र तथा नवीकरणीय उर्जाबाट चल्ने सार्वजनिक सवारी साधन **एवम् चार्जिङ्ग स्टेशन**लाई समेत जनाउने छ। |
| ६१. | ई.प्रा. निर्देशन नं. १९/०७५ बुँदा नं. ११ मा संशोधन | ११. विद्युतीय माध्यमबाट सूचना दिनेः इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा संकाष्पद कारोवारको प्रतिवेदन नियमावलीको नियम १४ बमोजिम **देहाय बमोजिमको मितिदेखि विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।**<br>(क) "क" वर्गका बाणिज्य बैंकले २०७५ कार्तिक १ गतेदेखि<br>(ख) "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुले २०७६ साउन १ गतेदेखि | ११. विद्युतीय माध्यमबाट सूचना दिनेः इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाले वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्ने सीमा तथा शंकाष्पद कारोवारको प्रतिवेदन नियमावलीको नियम १४ बमोजिम **विद्युतीय माध्यमबाट पेश गर्नु पर्नेछ।** |
| ६२. | ई.प्रा. निर्देशन नं. १९/०७५ को बुँदा नं. १८ को उपबुँदा नं. (६) मा संशोधन | **१८. आन्तरिक नियन्त्रण सम्बन्धमा :**<br>बैंक तथा वित्तीय संस्थाको **जोखिम व्यवस्थापन समितिले** कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन उपर सञ्चालक समितिले आवश्यक समीक्षा गर्नु पर्नेछ। | **१८. आन्तरिक नियन्त्रण सम्बन्धमा :**<br>बैंक तथा वित्तीय संस्थाको **सम्पत्ति शुद्धीकरण निवारण समितिले** कम्तीमा तीन महिनामा एक पटक ऐन, नियमावली र यस निर्देशन बमोजिम भए/गरेका काम कारवाहीको **समीक्षा गरी** प्रतिवेदन सञ्चालक समितिमा पेश गर्नुपर्नेछ । उक्त प्रतिवेदन उपर सञ्चालक समितिले आवश्यक समीक्षा गर्नु पर्नेछ। |
| ६३. | ई.प्रा. निर्देशन नं. १९/०७५ को अनुसूची १९.१ को बुँदा नं. (ड) मा खण्ड (७) र (८) थप | **हाल नभएको ।** | (७) खाता सञ्चालकको व्यक्तिगत विवरण<br>(८) उपभोक्ता समितिको गठनको उद्देश्य बमोजिम मात्र खाता सञ्चालन गर्ने सम्बन्धमा उपभोक्ता समितिको स्वघोषणा । |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| ६४. | ई.प्रा. निर्देशन नं. २०/०७५ को बुँदा नं. १ को उपबुँदा नं. (४) मा संशोधन | **१. शाखारहित बैंकिंङ्ग सेवा (Branchless Banking) सम्बन्धमा**<br>(४) बैंक तथा वित्तीय संस्थाले आफू वा आफूद्वारा नियुक्त व्यावसायिक आधिकारिक प्रतिनिधि(एजेन्ट) मार्फत समेत शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न सक्ने छन् । एजेन्टमार्फत त्यस्तो सेवा सञ्चालन गर्ने भएमा प्रतिनिधि छनौटको लागि प्रतिनिधिको सक्षमता परीक्षण गरी द्विपक्षबीच **बुँदा नं. ७** को अधीनमा रही सम्झौता भएको हुनु पर्ने छ । | **१.शाखारहित बैंकिंङ्ग सेवा (Branchless Banking) सम्बन्धमा**<br>(४) बैंक तथा वित्तीय संस्थाले आफू वा आफूद्वारा नियुक्त व्यावसायिक आधिकारिक प्रतिनिधि(एजेन्ट) मार्फत समेत शाखारहित बैंकिङ्ग सेवा सञ्चालन गर्न सक्ने छन् । एजेन्टमार्फत त्यस्तो सेवा सञ्चालन गर्ने भएमा प्रतिनिधि छनौटको लागि प्रतिनिधिको सक्षमता परीक्षण गरी द्विपक्षबीच **बुँदा नं. ३** को अधीनमा रही सम्झौता भएको हुनु पर्ने छ । |
| ६५. | ई.प्रा. निर्देशन नं. २०/०७५ को बुँदा नं. १ को उपबुँदा नं. (६) मा संशोधन | **१. शाखारहित बैंकिंङ्ग सेवा (Branchless Banking) सम्बन्धमा**<br>(६) बैंक तथा वित्तीय संस्थाले शाखारहित बैकिङ्ग सेवा प्रदान गर्नुपूर्व आफ्ना ग्राहकसँग **बुँदा नं. ३** को अधीनमा रही सम्झौता गर्नु पर्नेछ । | **१.शाखारहित बैंकिंङ्ग सेवा (Branchless Banking) सम्बन्धमा**<br>(६) बैंक तथा वित्तीय संस्थाले शाखारहित बैकिङ्ग सेवा प्रदान गर्नुपूर्व आफ्ना ग्राहकसँग **बुँदा नं. २** को अधीनमा रही सम्झौता गर्नु पर्नेछ । |
| ६६. | ई.प्रा. निर्देशन नं. २१/०७५ मा बुँदा नं. १४ थप गरी हालको क्रम संख्या मिलान | हाल नभएको । | **(१४)** एक वर्षभन्दा बढी भुक्तानी अवधि भएका आवधिक कर्जाको हकमा कर्जा प्रवाह पश्चात् तेस्रो पक्षलाई तिर्नुपर्ने शुल्क बाहेक अन्य कुनै पनि शुल्क लिन पाइने छैन । |
| ६७. | ई.प्रा. निर्देशन नं. २२/०७५ मा बुँदा नं. ४ को उपबुँदा नं. ७ को खण्ड (ग) मा संशोधन | (ग) एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली सञ्चालनमा रहेका वित्तीय संस्थाहरुले २०७७ असारभित्र उक्त शाखा विक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नु पर्नेछ । | (ग) एकभन्दा बढी प्रदेशमा समेत शाखा कार्यालय खोली सञ्चालनमा रहेका वित्तीय संस्थाहरुले २०७७ असारभित्र उक्त शाखा विक्री, बन्द वा स्थानान्तरण गरी आफ्नो सम्पूर्ण कार्यक्षेत्र एउटै प्रदेशभित्र सीमित गरी सक्नु पर्नेछ । तर, **एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ति प्रक्रियामा संलग्न भई २०७७ असार मसान्तभित्र एकीकृत कारोबार संचालन गर्ने संस्थाको हकमा यस्तो समयावधि २०७८ असारमसान्त कायम गरिएकोछ ।** |
| ६८. | ई.प्रा. निर्देशन नं. २२/०७५ मा बुँदा नं. २४ को उपबुँदा नं. १ को खण्ड (क) को स्पष्टीकरणमा संशोधन | **२४. चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्थाः**<br>***स्पष्टीकरण :***<br>*यस प्रयोजनका लागि प्राथमिकताप्राप्त पूर्वाधार आयोजनाहरु जस्तै जलविद्युत, सडक, सञ्चार जस्ता क्षेत्रहरुमा कर्मचारी तथा श्रमिकहरुको पारिश्रमिक/ज्याला भुक्तानी गर्न, नेपाल* | **२४.चेक क्लियरिङ्ग तथा भुक्तानी सम्बन्धी व्यवस्थाः**<br>***स्पष्टीकरण :***<br>*यस प्रयोजनका लागि प्राथमिकताप्राप्त पूर्वाधार आयोजनाहरु जस्तै जलविद्युत, सडक, सञ्चार जस्ता क्षेत्रहरुमा कर्मचारी तथा श्रमिकहरुको पारिश्रमिक/ज्याला भुक्तानी गर्न, नेपाल सरकारका* |

| क.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | *सरकारका विभिन्न निकाय तथा विभिन्न आयोजनाहरुमा आवश्यक मालसामानहरुको आपूर्ति गर्न, नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व भुक्तानी गर्न, कानुनी कारवाहीको सिलसिलामा विगो/धरौटी/जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न, नेपाल सरकारले वितरण गर्ने राहत, अनुदान वा सहायता वितरण गर्न, विप्रेषण कम्पनी/एजेन्टहरुले विप्रेषण प्राप्त गर्ने व्यक्तिहरुलाई रकम भुक्तानी गर्न निवेदन लिई उल्लेखित सीमा भन्दा बढी नगद भुक्तानी दिन सकिनेछ । यस अनुसार भुक्तानी भएको रकमको विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्नेछ ।* | *विभिन्न निकाय तथा विभिन्न आयोजनाहरुमा आवश्यक मालसामानहरुको आपूर्ति गर्न, नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व भुक्तानी गर्न, कानुनी कारवाहीको सिलसिलामा विगो/धरौटी/जमानत रकम जम्मा गर्न, पेन्सन क्याम्प मार्फत पेन्सन वितरण गर्न, नेपाल सरकारले वितरण गर्ने राहत, अनुदान वा सहायता वितरण गर्न, विप्रेषण कम्पनी/एजेन्टहरुले विप्रेषण प्राप्त गर्ने व्यक्तिहरुलाई रकम भुक्तानी गर्न,* ***बचत तथा ऋण सहकारी संस्थालाई आफ्ना सदस्यहरुसंगको दैनिक कारोबारको भुक्तानी गर्न*** *निवेदन लिई उल्लेखित सीमा भन्दा बढी नगद भुक्तानी दिन सकिनेछ । यस अनुसार भुक्तानी भएको रकमको विवरण सम्बन्धित बैंक तथा वित्तीय संस्थामा बुझाउनु पर्नेछ ।* |
| ६९. | ई.प्रा. निर्देशन नं. २२/०७५ मा बुँदा नं. २९ को पहिलो अनुच्छेदमा संशोधन | **२९. सामुहिक लगानी कोष सञ्चालन गर्ने सम्बन्धमा**<br>बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) को खण्ड (य) को प्रयोजनका लागि देहायका शर्तहरुको अधीनमा रही यस बैंकबाट इजाजतपत्रप्राप्त **"क" वर्गका बैंकहरुले** सामुहिक लगानी कोष सञ्चालन गर्न सक्ने छन् । | **२९. सामुहिक लगानी कोष सञ्चालन गर्ने सम्बन्धमा**<br>बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४९ को उपदफा (१) को खण्ड (य) को प्रयोजनका लागि देहायका शर्तहरुको अधीनमा रही यस बैंकबाट इजाजतपत्रप्राप्त **बैंक तथा वित्तीय संस्थाहरुले** सामुहिक लगानी कोष सञ्चालन गर्न सक्ने छन् । |
| ७०. | ई.प्रा. निर्देशन नं. २२/०७५ मा बुँदा नं. ३० को उपबुँदा नं. १ को खण्ड (ख) मा संशोधन | **३०. पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा**<br>(ख) पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रुपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, भिमेश्वर, कालिञ्चोक, हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न प्रदान गरिएका असल कर्जाको सुरक्षणमा **वार्षिक ४ प्रतिशत** ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने छ । | **३०.पुनरकर्जा उपलब्ध गराउने सम्बन्धमा**<br>(ख) पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रुपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माइपोखरी, भिमेश्वर, कालिञ्चोक, हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापना गर्न प्रदान गरिएका असल कर्जाको सुरक्षणमा **वार्षिक ३ प्रतिशत** ब्याजदरमा पुनरकर्जा उपलब्ध गराइने छ । |
| ७१. | **भूकम्प प्रभावित घरपरिवारलाई आवासीय घर पुनर्निमाणका लागि प्रदान गरिने पुनरकर्जा कार्यविधि, २०७२ को बुँदा नं. ६ मा थप** | (६) बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जामा ऋणीसँग असुल उपर गर्नुपर्ने ब्याजमध्ये २ प्रतिशत सम्बन्धित ऋणीवाट असुल गर्ने र बाँकी ब्याज रकम यस बैंकवाट त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिन भित्र संलग्न ढाँचा बमोजिम सोधभर्ना माग गर्नु पर्नेछ । यसरी माग भएको ब्याज अनुदान वापतको रकम यस बैंकवाट त्रयमास समाप्त भएको | (६) बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जामा ऋणीसँग असुल उपर गर्नुपर्ने ब्याजमध्ये २ प्रतिशत सम्बन्धित ऋणीवाट असुल गर्ने र बाँकी ब्याज रकम यस बैंकवाट त्रैमासिक रुपमा त्रयमास समाप्त भएको मितिले १५ दिन भित्र संलग्न ढाँचा बमोजिम सोधभर्ना माग गर्नु पर्नेछ । यसरी माग भएको ब्याज अनुदान वापतको रकम यस बैंकवाट त्रयमास समाप्त भएको |

| क्र.सं | निर्देशन नं. | विद्यमान व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| | | मितिले एक महिना भित्रमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिनेछ । | मितिले एक महिना भित्रमा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको खातामा रकमान्तर गरिनेछ । **साथै, यस बैंकबाट सोधभर्ना माग गर्नु पर्ने रकम सोधभर्ना प्राप्त नभएको अवस्थामा समेत आम्दानी लेखाङ्कन गर्न सकिनेछ । पूँजीकोष गणना गर्ने प्रयोजनका लागि सो रकमलाई नेपाल सरकारबाट प्राप्त हुनु पर्ने रकम अन्तर्गत शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिने छ ।** |